# वर्ल्डलिंक कम्यूनिकेशन्स् लिमिटेड र ग्राहक बीचको सम्झौतापत्र

Passport Size Photo

इन्टर्नेट (इमेल सहित) सेवा प्रदायक संस्थाको नाम : वर्ल्डलिंक कम्यूनिकेशन्स् लिमिटेड ( “वर्ल्डलिंक” )

तलका विवरणहरु अनिवार्य छन

**ग्राहकको नाम थर :**

........................................................................................................................................................................................................

**स्थायी ठेगाना :**

अञ्चल .............................................................. जिल्ला ..................................................................................वडा नं ............................

घर नं. .............................................................. टोल/सडक: ........................................................................................................

**हालको ठेगाना :**

अञ्चल .............................................................. जिल्ला ..................................................................................वडा नं ............................

घर नं. .............................................................. टोल/सडक: ........................................................................................................

## संस्थागत ग्राहकको हकमा

संस्थाको नामः .................................................................................................... संस्था दर्ता नं ..............................................

संस्थाको ठेगाना .................................................................................................... प्यान नं : ..............................................

सम्पर्क व्यक्तिको नामः .................................................................................... फोन नं ..............................................

ठेगानाको जी.पी.एस : ........................................................................................................................................................

ग्राहकको पेशाः ........................................................................ संलग्न संस्था : ..............................................................

फोन नम्बरः .......................................................... इमेल : ........................................................................................

लिङ्ग:

परिचय पत्र : नागरीकता /राहदानी / सवारी चालक अनुमति पत्र

कागजातको नं : ........................................ जारी मिति: ............................................ जारी जिल्ला: ..................................

ग्राहकको बुवा / आमा / पति / पत्निको नाम: ..............................................................................................................

ग्राहकको हजुरबुवाको नाम: ..........................................................................................................................................

## देहाय बमोजिमका शर्तहरु पालना गरि वर्ल्डलिंकले सेवा प्रदान गर्न तथा ग्राहकले सोहि सेवा प्रयोग गर्ने सहमति भएको छ ।

### क. सेवा

१. सेवाको किसिम र भुक्तानी प्रणाली (अग्रिम)

ग्राहक वर्ल्डलिंकबाट निम्न सेवाहरु खरिद गर्न सहमत छन् :

☐ FTTH ☐ FTTE ☐ Wi-Fi Express ☐ Others..............

सेवा योजना :........................................................................................ ब्यान्डविथ: ..................................................................

२. ग्राहकले अनुसुची “क” मा आफ्नो ठेगानाको नक्सा संलग्न गरि उपलब्ध गराउनु पर्नेछ ।

प्रयोगकर्ताको नाम (Username): ................................... सेवा अर्डर मिति ............................ सेवा लागु मिति ..............................

### ख. उपकरण भाँडामा दिने सम्बन्धमा

१. स्वामित्व नीति (Ownership Policy)

१.१ वर्ल्डलिंक द्वारा ग्राहकको परिसरमा बहालमा दिई जडान गरीएका निम्न विवरण भएका उपकरणहरु वर्ल्डलिंक को सम्पत्ति हुनेछ ।

| क्र.स | उपकरण (Device) | म्याक आईडी (Mac ID) | सिरियल नं. | मोडल नं. | स्थापित मिति |
|---|---|---|---|---|---|
| १ | ONU Router | | | | |
| २. | Add-On Device-1 | | | | |
| २.१ | Add-On Device-2 | | | | |
| २.२ | Add-On Device-3 | | | | |
| ३ | Beacon | | | | |
| ३.१ | Beacon-2 | | | | |

२. उपयोग निति (Usage Policy)

२.१ ग्राहकको परिसरमा जडान भएको उपकरण हेरचाह गर्नुपर्ने जिम्मेवारी ग्राहकको हुनेछ । ग्राहकले उपकरणलाई सावधानीपूर्वक, उचित तरिकाले प्रयोग गरि र अन्य कुनै तरिकाले प्रयोग नगरि प्रयोगकर्ता गाइड भित्रका निर्देशनहरु अनुसार प्रयोग गर्नुपर्नेछ ।

२.२ ग्राहकले उपकरणमा जडित विद्युतको राम्रो आपूर्ति Earth-Neutral Voltage of 0-3v; Phase-Neutral voltage of 220V and Phase-Earth voltage of 220V) को व्यवस्थापनका लागि सम्पूर्ण जिम्मेवारी आफ्नै लागतमा स्वयम लिनेछन् । ग्राहकले सम्भव भए सम्म विद्युतीय सुरक्षा उपायको रुपमा उपकरणमा UPS पावर समेत प्रदान गर्नेछन् ।

२.३ ग्राहकले वर्ल्डलिंक सँगको सेवा सम्झौता अन्त्य गर्न चाहेको अवस्थामा जडान गरिएको उपकरण अनइन्स्टल (uninstall) गर्न र उपकरण वर्ल्डलिंकको हिरासतमा लिन आफ्नो निवासको वा संस्थाको परिसरमा निर्बाध पहुँच प्रदान गर्न सहमत छ ।

२.४ कुनै पनि अवस्थामा, यदि कुनै कारणवश सेवा प्रदायकले सेवा बन्द हुने वा सम्झौता अन्त्य हुने अवस्था आएमा वर्ल्डलिंकलाई सेवा बन्द गर्ने पूर्ण अधिकार तथा वर्ल्डलिंकको स्वामित्वमा रहेको उपकरण र यसका सबै सामानहरु आफ्नो नियन्त्रणमा लिने समेतको अधिकार वर्ल्डलिंकको हुनेछ । यदि ग्राहकले आपत्ति गरेमा वा अनइन्स्टल (uninstall) गर्न कुनै प्रकारको बाधा गरेमा वर्ल्डलिंकले ग्राहक विरुद्ध कानुनी कारवाही लिन सक्नेछ ।

## ३. मर्मत तथा क्षति (Repair and Damage)

३.१ यदि उपकरणमा केही खराबी देखेमा ग्राहकले तुरुन्तै वर्ल्डलिंकलाई सूचित गर्नु पर्नेछ ।

३.२ यदि ग्राहकको लापरवाहीका कारण उपकरण खराब भएको खण्डमा सोको लागि वर्ल्डलिंक उत्तरदायी हुनेछैन र सो वापतको क्षतिपूर्ति ग्राहकले नै व्यहोर्नु पर्नेछ । यद्यपि, जडानको क्रममा अप्रत्याशित कारणले उपकरण त्रुटिपूर्ण पाइएमा वर्ल्डलिंकले तुरुन्तै उपकरण प्रतिस्थापन गरि दिनेछ ।

## ४. वारेन्टी सम्बन्धि व्यवस्था (Warranty Policy)

४.१ वर्ल्डलिन्कले निम्नबमोजिमको वारेन्टी प्रदान गर्दछ:

| क्र.स | डिवाइस (उपकरण) | मिति देखि | वारेन्टी (महिनामा) |
|---|---|---|---|
| १. | Add-On Device | जडित मिति | ६ महिना |
| २. | Replaced Add-On Device | पुनस्थापित गरेको मितिबाट | ६ महिना |

## ५. शुल्क र निक्षेप

५.१ ग्राहकले सेवा खरिद गर्ने योजना (subscription plan) अनुसार फिर्ता योग्य निक्षेप र एक पटकको Add-On Device को भाँडा वापतको रकम भुक्तानी गर्नु पर्नेछ ।

५.२ सदस्यता लिएको योजनाको म्याद सकिएको ६ महिनाभन्दा बढी समयसम्म सदस्यता शुल्क नतिरेको अवस्थामा ग्राहकले आफ्नो परिसरमा जडित वर्ल्डलिंकका उपकरण वर्ल्डलिंकलाई फिर्ता गर्नु पर्नेछ ।

५.३ ग्राहकले उपकरणहरू फिर्ता नगरेमा, सो वापत राखेको सुरक्षा निक्षेप जफत गर्ने तथा ग्राहकबाट उपकरणको कुल रकम तथा जडान गर्दाको अवस्थामा लागेको केवलतार लगायतको खर्च समेत लिने अधिकार वर्ल्डलिंकलाई हुनेछ ।

## ६. प्रतिस्थापन

६.१ वर्ल्डलिंकले वारेन्टी अवधिमा (दफा ३.२ अनुसार) शुल्क वा बिना कुनै शुल्क उपकरण प्रतिस्थापन गरि दिनेछ ।

६.२ वारेन्टी अवधिमा प्रतिस्थापन गरिएको उपकरणको लागि, वारेन्टी मिति जडान गरीएको मिति नै रहनेछ (वारेन्टी अवधि थप हुने छैन)।

६.३ वारेन्टी अवधि समाप्त भएपछि लागू शुल्कहरूको अधीनमा रहि उपकरणको प्रतिस्थापन हुनेछ।

## ७. फिर्ता योग्य निक्षेप र उपकरण फिर्ता

७.१ यदि ग्राहकले सदस्यता लिएका सेवाहरू अन्त्य गर्ने निर्णय गरेमा, ग्राहकले उपकरण वर्ल्डलिंकलाई फिर्ता गर्नु पर्नेछ ।

७.२ फिर्ता योग्य निक्षेप ग्राहकले प्राप्त गर्न फिर्ता गरेको उपकरण काम गर्ने अवस्थामा हुनु पर्नेछ ।

## ८. संशोधन

८.१ वर्ल्डलिंकले आफ्नो आधिकारिक वेबसाइटमा प्रकाशित गरि वर्ल्डलिंकले ग्राहकलाई प्रदान गर्ने सदस्यता योजनाहरूको नियम र सर्तहरू परिमार्जन तथा संशोधन गर्ने अधिकार हुनेछ । साथै, ग्राहकले सेवाको निरन्तर प्रयोग र सेवा शुल्कको भुक्तानी गरेको खण्डमा यस कम्पनीवाट गरिएको संशोधन स्वीकार गरेको मानिनेछ ।

# सम्झौताका शर्त र बन्देजहरु

१. इन्टर्नेट/इमेल सेवाको लागि तोकिएको धरौटी, जडान खर्च आदि रकम ग्राहकले वर्ल्डलिंकलाई बुझाउनु पर्नेछ ।

२. इन्टर्नेट/इमेल सेवाको लागि केवल वा अन्य उपकरण आवश्यक भएमा सोको लागत मुल्य ग्राहक स्वंयले व्यहोर्नु पर्नेछ ।

३. इन्टर्नेट/इमेल सेवा ठाँउसारी वा नामसारी गर्नु परेमा सम्पूर्ण प्रक्रियाहरु वर्ल्डलिंकको नियमानुसार हुनेछ र ठाँउसारी गर्दा लाग्ने जडान खर्च तथा उपकरणको खर्चहरु ग्राहक स्वयमले व्यहोर्नु पर्नेछ ।

४. वर्ल्डलिंकले २४ सै घण्टा सेवा उपलब्ध गराउने छ। इन्टर्नेट/इमेल सेवा अवरुद्ध भएमा तुरुन्त वर्ल्डलिंकको मर्मत शाखामा सूचना गर्नु पर्नेछ र वर्ल्डलिंकले त्यस्तो सूचनको रेकर्ड राखि सूचना पाएको २४ घण्टा भित्र मर्मत गरिने छ र सो समयभित्र मर्मत गर्न नसकिएमा ग्राहकलाई मर्मत गर्न नसकिएको अवधिभरको सेवा शुल्क छुट दिनु पर्नेछ । यसरी अबरुद्ध सेवा सञ्चालन गर्दा लाग्ने लागत वर्ल्डलिंक आफैंले व्यहोर्नेछ ।

५. प्राविधिक कारण वा मर्मतको कारण सेवा अवरुद्ध हुने भएमा वर्ल्डलिंकले ग्राहकलाई ३ दिन अघि पूर्व जानकारी दिनेछ ।

६. सेवा प्रयोग गरे वापत नेपाल सरकारले सो सेवाका लागि समय समयमा तोकेको कर दस्तुर ग्राहकले स्वयम व्यहोर्नु पर्नेछ ।

७. ग्राहकले सेवा प्रयोग गरे बापतको तिर्ने महशुल दर नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत दर रेट भन्दा बढि हुने छैन ।

८. ग्राहकले सेवा शुल्क संस्थाको नियमानुसार समयमानै बुझाउनु पर्नेछ । तोकिएको समय भित्र महशुल नबुझाएमा वर्ल्डलिंकको नियमानुसार विलम्ब शुल्क लाग्नेछ ।

९. विलम्ब शुल्कको अन्तिम समयसम्म पनि ग्राहकले शुल्क नबुझाएमा ग्राहकको सेवा वर्ल्डलिंकले बन्द गरी शुल्क प्राप्त भए पश्चात पुन: संञ्चालन गरी दिनेछ ।

१०. यो सम्झौताको अवधि ग्राहकले इन्टर्नेट/इमेल सेवा प्रयोग गरेसम्म वा अन्य ग्राहकको नाममा नामसारी नभएसम्म कायम रहनेछ। साथै यस सम्झौताको वैधताको समयमा सिर्जना गरिएको ग्राहकको दायित्व दुई वर्षको थप अवधिको लागि जीवित रहनेछ ।

११. ग्राहकले कानुन बमोजिमको कार्य गर्ने उदेश्यका लागि मात्र सेवा प्रयोग गर्नेछ । तथा कानुनले निषेध गरेका कृयाकलाप गर्न पाइने छैन । यदि कानुनले निषेध गरेको कृयाकलाप गरेको खण्डमा ग्राहाक स्वंयम जिम्मेवार हुनेछ ।

१२. जुनसुकै प्रयोजनको लागि लिएको इन्टर्नेट/इमेल सेवा पनि दूरसञ्चार ऐन, नियम, नीति एवं अन्य व्यवस्थाको प्रतिकूल हुने गरी गैर कानूनी तथा अनधिकृत प्रयोग भएको पाइएमा वर्ल्डलिंक र सम्बन्धित ग्राहक जसले ऐन, नियम, नीति एवं अन्य व्यवस्थाको प्रतिकूल हुने कार्य गरेको हो सो पक्ष नै जवाफदेही हुनेछ ।

१३. ग्राहकले नेपाल दूरसञ्चार प्राधिकरणले तोकेको नियम तथा कानुनको पालना गर्नेछ ।

१४. ग्राहकले कुनै पनि अन्य पक्षको सुचना प्राप्त गर्ने प्रयास गर्ने छैन ।

१५. ग्राहकले स्प्याम इमेल (Spam Email) वा मालवेयर (Malwares) वा भाइरस (Viruses) फैलाउने कार्य गर्ने छैन ।

१६. ग्राहकले वर्ल्डलिंकको प्राविधिक पूर्वाधारको सहज सञ्चालनमा बाधा पुऱ्याउने कुनै पनि गतिविधिमा संलग्न हुने छैन ।

१७. कुनै पनि सामग्री डाउन्लोड अथवा इन्टर्नेट/इमेल सेवाको प्रयोगबाट प्राप्त सामग्री ग्राहकले आफ्नो विवेक र जिम्मेवारीमा गर्नेछ । व्यक्तिगत सञ्चारको डाटा लस (loss) तथा भण्डारण (storage) को लागि ग्राहक स्वंयम जिम्मेवार हुनेछ ।

१८. ग्राहकले वर्ल्डलिंकलाई ग्राहकको सम्पूर्ण सम्पर्कको विवरण सहित सम्पर्क नम्बर, इमेल ठेगाना र ग्राहकको कानूनी पहिचान हुने कागजातको प्रतिलिपि (जस्तै नागरिकता, सवारी चालक अनुमतिपत्र वा राहदानी) को विवरणहरू उपलब्ध गराउनु पर्नेछ। साथै, ग्राहकहरुले प्रदान गरिएको सम्पर्क विवरणहरुमा कुनै पनि परिवर्तन भएमा सोको जानकारी तत्काल वर्ल्डलिंकलाई दिने जिम्मेवारी ग्राहकको हुनेछ ।

१९. प्रदान गरिएको सेवा ग्राहकको प्रयोगको लागि मात्र हुनेछ (Exclusive use), वर्ल्डलिंक र प्राप्त गर्ने पक्षको पूर्व लिखित सहमति बिना सेवालाई कुनै पनि व्यक्तिलाई हस्तान्तरण, स्थानान्तरण र साझेदारी गरिने छैन । वर्ल्डलिंकद्वारा प्रदान गरिने सेवाहरूको कुनै पनि अनधिकृत वा अनधिकृत प्रयोगको लागि ग्राहक स्वंयम पूर्ण रूपमा आफै जिम्मेवार हुनेछ ।

२०. “आवसीय” को रूपमा वर्गीकृत सेवाहरू (उदाहरणका लागि आवासीय चिन्ह लगाइएको असीमित योजनाहरू) ग्राहकको निवासको विशेष प्रयोगको लागि हुनेछ र पुन: बेच्ने वा व्यापारिक उद्देश्यका लागि प्रयोग गरिने छैन । यदि ग्राहकले त्यसो गरेको पाइएमा वर्ल्डलिंकलाई सेवा बन्द गर्ने सम्मको अधिकार हुनेछ ।

२१. सेवा, उपकरण वा सामान जडान लागत अग्रिम वा जडान भएको दिनमा भुक्तानी गर्न ग्राहक सहमत हुनेछ । तोकिएको समय सीमा भित्र भुक्तानी नगरेमा वर्ल्डलिंकले आफ्नो नीति अनुसार विलम्ब जरिवाना लगाउन सक्नेछ । यदि ग्राहकले बक्यौता भुक्तानी र विलम्ब जरिवाना तिर्न असफल भएमा, वर्ल्डलिंकले आफ्नो स्वविवेकमा तुरुन्तै सेवा बन्द गर्न सक्नेछ ।

२२. यदि ग्राहकले सेवाको म्याद सकिनु अघि नवीकरण गर्न असफल भएमा, पूर्व सूचना बिना नै सेवा स्वत: बन्द गर्ने अधिकार वर्ल्डलिंकलाई हुनेछ ।

२३. यदि जडान गरेको उपकरण ग्राहकको लापरवाहीका कारण क्षतिग्रस्त भयो भने, ग्राहकले यसको मर्मत वा प्रतिस्थापनको लागि भुक्तानी गर्नेछ ।

२४. उपकरणहरुको शुल्क (जस्तै फाइबर राउटर, वायरलेस मोडेम) भाडामा मात्र हुनेछ र सेवा बन्द भए पश्चात फिर्ता गर्नु पर्नेछ। यदि कुनै फिर्ता योग्य निक्षेप तिरेको अवस्थामा उपकरण कार्यात्मक अवस्थामा फिर्ता गरेपछि मात्र निक्षेप फिर्ता गरिनेछ ।

२५. यदि कुनै कारण ग्राहकद्वारा सेवा नलिने अवस्था भएको खण्डमा, वर्ल्डलिंकले उपकरण अनइन्स्टल गर्नेछ र ग्राहकको परिसरबाट आफ्नो सामानहरु फिर्ता लिनेछ ।

२६. Worldlink Fair Usage Policy (FUP) सबै असीमित इन्टर्नेट योजनाहरुमा लागू हुन्छ। यस FUP लाई आंशिक वा पूरै परिवर्तन गर्ने अधिकार वर्ल्डलिंकलाई हुनेछ र आवश्यकता अनुसार यस FUP को उल्लङ्घनको कारणले हुने कुनै पनि नतिजाहरूको लागि ग्राहक पूर्ण रूपमा जिम्मेवार हुनेछ। FUP को थप विवरणहरूको लागि कृपया http://www.worldlink.com.np/fup मा जानुहोस्।

२७. वर्ल्डलिंकले सेवा अवधिमा ग्राहकको account hold मा राख्ने छैन ।

२८. सेवा अर्डर फारम, सम्पत्ति घोषणा फारम र वर्ल्डलिंकद्वारा प्रदान गरिएको र ग्राहक द्वारा भरिएको कुनै पनि अन्य फारम वा कागजातहरू यस सम्झौताको अभिन्न अंग हुनेछ ।

२९. साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र संचालन गर्न र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरण गर्न चाहने व्यक्तिले देहाय बमोजिम थप शर्तहरु पालना गर्नु पर्नेछ ।

(क) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र संचालक र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले सेवा सञ्चालन गर्नु पूर्व सेवा सञ्चालकले सम्वन्धित जिल्ला प्रशासन कार्यालय वा उद्योग विभाग अन्तर्गतका निकाय वा स्थानीय निकायमा दर्ता गरिने व्यवस्था भए सो समेतमा संस्था दर्ता गरेको हुनु पर्नेछ ।

(ख) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र संचालक र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले सेवा सञ्चालन गर्नु पूर्व सेवा सञ्चालकले अनिवार्य रुपमा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर (PAN) लिनु पर्नेछ ।

(ग) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र संचालक र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले सेवा उपलब्ध गराए वापत उपभोक्ताबाट रकम असुल गरेपछि अनिवार्य रुपमा बील बनाइ ग्राहकसंग लिएको रकमको रसिद ग्राहकलाई दिनु पर्नेछ ।

(घ) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले आफूले सेवा संचालन गरेको स्थान परिवर्तन गर्नु परेमा वा संचालकहरु परिवर्तन भएमा त्यसको सम्पूर्ण विवरण सम्बन्धित सम्पूर्ण निकायहरुमा (दर्ता गरेका) तथा वर्ल्डलिंकलाई जानकारी दिनुपर्नेछ ।

(ङ) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले आफ्नो केन्द्रमा ग्राहकले पालना गर्नु पर्ने अनुशासन लगायतका विषयमा जनचेतनामूलक सन्देशहरु राख्नुपर्नेछ ।

(च) ग्राहकले आफुले प्रयोग गरेको सेवाको वारेमा जान्न चाहेमा साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले त्यस्तो सूचना उपलव्ध गराउनु पर्नेछ ।

(छ) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले आफ्ना ग्राहकको परिचय पत्र (नागरिकता, सवारी चालक अनुमतिपत्र (Driving License), विद्यार्थी परिचय पत्र) हेरेर सेवा प्रयोग गराउने र सो प्रयोग गरेको लगबुक तयार गर्नुपर्नेछ ।

(ज) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले सुरक्षा निकायले माग गरेको अवस्थामा त्यस्तो लगबुक उपलब्ध गराउनु पर्नेछ र अन्य अवस्थामा त्यस्तो विवरण गोप्य राख्नु पर्नेछ ।

(झ) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले बुझाउनु पर्ने कर, दस्तुर नेपाल सरकारले समय समयमा तोके बमोजिम हुनेछ ।

(ञ) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र र इन्टर्नेट इमेल सेवा पुन विक्री वितरकले ग्राहकसँग लिने महशुल दर सबैले देखिने गरी राख्नुपर्नेछ ।

(ट) साइबर क्याफे वा सूचना केन्द्रले ISP संग लिएको Internet Speed (Bandwidth) र सो Internet Speed (Bandwidth) Sharing गरीएको कम्प्यूटरको संख्या प्रष्टसंग सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ठ) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र संचालक वा इन्टर्नेट इमेल सेवा पुन विक्री वितरक र ग्राहक वीच सेवा सम्बन्धमा विवाद परेमा आपसी छलफलबाट विवादको समाधान गर्ने प्रयास साइबर क्याफे वा सूचना केन्द्रले गर्नु पर्नेछ ।

(ड) जुनसुकै प्रयोजनको लागि लिएको इन्टर्नेट/इमेल सेवा भए पनि प्रचलित कानुनले निषेध गरेका कृयाकलाप गर्न पाइने छैन र अनुमतिपत्र प्राप्त गरेका सेवा प्रदायकको सेवा मात्र प्रयोग गर्नुपर्नेछ ।

(ढ) साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र संचालक वा इन्टर्नेट इमेल सेवा पुन बिक्री वितरकले सम्बन्धित सेवा प्रदायकले समय समयमा जारी गरेको निर्देशनको पालना गर्नु सम्बन्धित साइबर क्याफे, सूचना केन्द्र तथा सेवा केन्द्र संचालक वा इन्टर्नेट इमेल सेवा पुन बिक्री वितरकको कर्तव्य हुनेछ ।

३०. ग्राहकले सेवा शुल्क एवं सेवा सम्बन्धमा कुनै लिखित गुनासो गरेमा वर्ल्डलिंकले छानविन गर्नेछ र छानविन समितिको निर्णय दुवै पक्ष (ग्राहक र वर्ल्डलिंक) लाई मान्य हुनेछ । उक्त निर्णय उपर चित्त नबुझेमा दूरसञ्चार नियमावली, २०५४ बमोजिम नेपाल दूरसञ्चार प्राधिकरण समक्ष उजुरी गर्न सक्नेछ ।

३१. यस अघि ग्राहकसँग भए गरेका सम्झौतालाई यसै सम्झौतामा परिणत गरिएको छ । यो सम्झौता लागू भएपछि यस अघिका सम्पूर्ण सम्झौताहरु स्वत: खारेज भएको मानिनेछ ।

३२. यो सम्झौताको कुनै प्रावधान, प्रावधानको कुनै अंश अवैधानिक वा गैरकानुनी वा लागु नहुने भएमा, सोलाई बैध, कानुनी वा लागु हुने बनाउनका लागी आवश्यक न्युनतम परिमार्जन सम्भव भएमा त्यस्तो परिमार्जन भएको मानिने छ । त्यस्तो परिमार्जन सम्भव नभएमा, त्यस्तो प्रावधान वा प्रावधानको अंश हटाईएको मानिने छ । यस दफा बमोजिम कुनै प्रावधान वा प्रावधानको अंश परिमार्जीत भएमा वा हटाईएमा त्यस्तो परिमार्जन वा हटाउनाले यस सम्झौताको अन्य बाँकी प्रावधानको वैधानिकता र कार्यान्वयनमा कुनै असर पुर्याउने छैन ।

३३. वर्ल्डलिंकको सेवाहरू प्रयोगबाट वा सेवा प्रयोग गर्न असक्षम भएको कारणबाट ग्राहक वा कुनै तेस्रो पक्षलाई उत्पन्न भएको सबै प्रत्यक्ष वा अप्रत्यक्ष दायित्व वा क्षति, विशेष वा परिणामात्मक क्षति, नाफा नोक्सान, गुडविल (Goodwill) को हानि, खर्च तथा लागतहरूका लागि वर्ल्डलिंक उत्तरदायी नहुने कुरामा ग्राहकको सहमति छ ।

३४. यो सम्झौतालाई कानुनी रूपमा लागू हुने सम्झौता मानिनेछ र यो नेपालको कानुनद्वारा नियमित हुनेछ । यो सम्झौता वा सेवाबाट उत्पन्न हुने कुनै पनि विवाद यस सम्झौता बमोजिम समाधान नभएमा नेपालको प्रचलित कानुन बमोजिम समाधान गरिनेछ ।

३५. सेवा अर्डर फारम, सम्पत्ति घोषणा फारम र वर्ल्डलिंकद्वारा प्रदान गरिएको र ग्राहकद्वारा भरिएको कुनै पनि अन्य फारम वा कागजातहरू यस सम्झौताको अभिन्न अंग हुनेछ । तथा सन्दर्भको लागि यसै सम्झौतासँग समावेश गरिनेछ ।

मैले माथिका सम्झौत हरु पढी, मतलब र परिणाम बुझी स्वतन्त्र सहमतीमा हस्ताक्षर गर्दछु। यस सम्झौताको शर्त तथा बन्देजहरुको पालना नगरेमा वा कुनै दायित्व वा प्रतिबद्दताहरु पूरा नगरेमा वर्ल्डलिंकले जुनसुकै समयमा यस सम्झौता बमोजिमको सेवा स्थायी वा अस्थायी रुपमा बन्द गर्न सक्नेछ ।

सेवा प्रदायकको तर्फबाट

हस्ताक्षर :

नाम :

शाखा :

पद :

मिति :

संस्थाको छाप :

ग्राहकको तर्फबाट

हस्ताक्षर :

नाम :

ठेगाना :

मिति :

कार्यालयको छाप (संस्था भएमा) :

# सहमति-पत्र

प्रयोगकर्ताको नाम: ..................................................................................................

Khalti ID (मोबाइल नम्बर): .....................................................................................

मैले वर्ल्डलिंकलाई प्रदान गरेको माथि उल्लेखित विवरणहरु WorldLink / NetTV को सेवा शुल्कको अनलाइन मार्फत सहज भुक्तानीको लागी "खल्ती डिजिटल वालेट" मा Verified खाता खोल्नका लागी खल्ती प्रा. लि. लाई प्रदान गर्नमा मेरो मन्जुरी छ। खल्तीको खाता खोल्न प्रयोग गरिने यहाँ पेस गरिएको विवरण ठिक साँचो हो र सोहि बमोजिमको विवरणहरुको प्रयोग गरी खल्ती खाता खोल्नमा मेरो सहमती छ।

खल्ती खाता सुचारु गर्नको लागी आवश्यक जानकारीहरु प्राप्त गर्न यस आवेदनमा निर्दिष्ट गरिएको मेरो मोबाइल नम्बरमा Call र S.M.S गर्न मेरो मन्जुरी छ। साथै खल्ती परिवारको सदस्य बन्न खल्ती प्रा. लि. को Terms and Conditions (http://khalti.com/info/terms/) मा भएका नियम र शर्तहरुको बारेमा मलाई जानकारी छ र सोको पालना गर्न मेरो पुर्ण मन्जुरी छ। भविष्यमा ईन्कार गर्ने छैन, गरेको खण्डमा कानुन बमोजिम सहुँला बुझाउँला।

.................................................

ग्राहकको हस्ताक्षर